# रामधुनी भासि नगरपालिकाको

प्रथम नगर परिषद् २०७२।०७३ को वजेट, नीति तथा कार्यक्रमको सार्वजनिकीकरण कार्यक्रममा
नगरपालिका प्रमुख तथा निमित्त कार्यकारी अधिकृत भक्त बहादुर सुवेदिबाट प्रस्तुत
आ.व. २०७२।०७३ को नीति, कार्यक्रम तथा अनुमानित आय व्यय बिबरण
५ माघ, २०७१

प्रमुख अतिथिज्यू, विशिष्ट तथा विशेष अतिथि ज्युहरु, राजनैतिक दलका प्रमुख तथा प्रतिनिधिज्युहरु, कार्यालय प्रमुखज्यूहरु, संचारकर्मी मित्रहरु तथा अन्य प्रतिनिधिज्यूहरु, विभिन्न संघ संस्थाका प्रमुख एवं प्रतिनिधिज्यूहरु, उद्योगपति, व्यापारी, वुद्धिजिवी, समाजसेवी साथै उपस्थित नागरिक समाजका प्रवुद्ध महानुभावहरु लगायत आमन्त्रित आदरणीय नगरवासी दाजुभाई तथा दिदि बहिनीहरु ,

सत्य युगका मर्यादा पुरुष रामचन्द्रको जीवनको आरोह अवरोहमा निर्माण हुन पुगेको र रामचन्द्र कालिन जीवित प्रमाणको रुपमा रहेको रामधुनी र साविक भादगाउ सिनुवारी गाविसको छोटकरी नाम भासिको संयूक्त रुपबाट रहन आएको यस रामधुनी भासि नगरपालिकाको प्रथम नगर परिषदका नीति तथा कार्यक्रमहरु सार्वजनिक गरि रहदा साविक सिंगीया र भा.सि गा.वि.स. देखि नै यस नगर क्षेत्रको  समुन्नत विकासको लागि इतिहासका विभिन्न कालखण्डहरुमा यस क्षेत्रको प्रगतिमा योगदान पुर्‍याउनु हुने सवै प्रति सम्मान तथा आभार प्रकट गर्न चाहान्छु । राष्ट्रिय गौरबको रुपमा रहेको रामधुनीको महत्व र पहिचानलाई स्मरण गर्दै स्वस्च्छ, संबृद्ध र व्यवस्थित नगर निर्माण गर्ने लक्ष्य सहित प्रथम नगर परिषद सम्पन्न भएको र नगर बासिको सामाजिक न्याय र संबृद्धिलाई ध्यान दिंदै तयार गरिएको आ.व. २०७२।०७३ को नीति, कार्यक्रमलाई सार्वजनिक गर्न पाउदा म स्वयं र हाम्रो नगरपालिका परिबार गौरवान्वित छ ।

यस नगरपालिकाको प्रथम परिषदको नीति तथा कार्यक्रम सार्वजनिक गरी रहदा नागरिक अधिकारको स्थापनामा जीवनको सवै भन्दा प्यारो ज्यान नै अर्पण गर्नु हुने ज्ञात अज्ञात सहिदहरुलाई स्मरण गर्न चाहान्छु ।

नागरिकका आन्दोलनहरु मार्फत नागरिकका अधिकारहरु प्राप्ति भएको र भावि कार्यदिशा संबृद्धि तर्फ लक्षित रहेको समग्र देशको ऐतिहासिक मोडमा हाम्रो नगर परिषद भएकोले पनि प्रथम नगर परिषदको महत्व  विशेष प्रकारको छ । ईतिहासको यो कालखण्ड सामाजिक आर्थिक रुपमा  संवृद्ध नेपाल निर्माणको कालखण्डमा प्रवेश गरेको अवस्था हो । यस नगरको शुरु नै यहि कालखण्ड र अवस्थाबाट हुन गएकोले प्रथम परिषद आफैमा ओज पुर्ण छ । त्यसैले प्राप्त भएका साधन श्रोतको समुचित प्रयोगले सामाजिक आर्थिक संबृद्धिलाई लक्ष्य मानेर कार्य गर्ने गरि योजनाहरु ल्याईएका छन ।

नगरपालिकाको प्रथम नगर परिषद भएकोले हामी संग एकिकृत नगर प्रोफाईल, आवधिक योजना, लगायतका संस्थागत योजनाहरु समेत निर्माण भई सकेको अवस्था होईन । साविकका सिंगीया गा.वि.स. र भासि. गा.वि.स. को प्रोफाईल, आय व्यायको विगतको अवस्था लगायत

बस्ति स्तरबाट माग भई आएका योजनाहरु, वडा नागरिक मञ्च , संघ संस्थाका प्रतिनिधि, नागरिक समाजका प्रवुद्ध वर्ग, लक्षित क्षेत्रका प्रतिनिधिहरु, राजनैतिक दलका प्रतिनिधिहरु समेत संगको छलफल, राजस्व परामर्स समितिको राय, नीति निर्माण समितिको प्रतिवेदन तथा एकिकृत योजना तर्जुमा समितिको सिफारिसलाई समेत मध्य नजर राखि आ.व. २०७२।०७३ को नीति तथा कार्यक्रमहरुको निर्माण एवं बजेट बिनियोजन गरिएको छ ।

राजस्व परामर्स समितिको राय समेतलाई अध्ययन गरी नगरपालिकाको आन्तरिक करको दररेट तोकिएको छ । करको दायरामा नआएका व्यक्ति, संघ संस्थाहरुलाई करको दायरामा ल्याउन संस्थागत सुदृढीकरण र अधिकतम प्रयास गरि आगामी आ.व.मा आन्तरिक आय संकलन गर्ने लक्ष्य लिईएको छ ।

आदरणीय महानुभावहरु,

आगामी आर्थिक वर्ष २०७२।०७३ को नीति तथा कार्यक्रम र आय व्ययको अनुमान गर्दा साविक सिंगीया गा.वि.स. र भा.सि. गा.वि.स.को आर्थिक वर्ष २०७१।०७२ को आय व्ययको अनुमान र २०७१ पौष २५ गते सम्मको यथार्थ आय व्यय स्थितिको विश्लेषण गरी अनुमानित आय व्ययको आकडा लिई त्यसको आधारमा आ.व. ०७२ । ०७३ को नीति तथा कार्यक्रम तय गरिएको छ ।

**जस अन्तरगत नेपाल सरकारको अनुदान ३ करोड मध्येवाट**

- **आर्थिक सामाजिक एवं भौतिक पुर्वाधार विकास तर्फ ६० प्रतिशतले हुन आउने ६९ लाख ६० हजार रकम विनियोजन गरिएको छ ।**
- **पव्रद्धर्नात्मक क्षेत्रमा ४० प्रतिशतले हुने रु. ४६ लाख ४० हजार रकम विनियोजन गरिएको छ ।**
- **समपरुक कोषका लागि रु. १० लाख रकम विनियोजन गरिएको छ ।**

**लक्षित समुह विकास कायर्क्रम अन्तरगत ४० प्रतिशतले हुने रकम रु. १ करोड २० लाख विनियोजन गरिएको छ । जस अन्तरगत :**

- **सबै जातजातिका महिला लक्षित कायर्क्रमको लागि १० प्रतिशतले हुने रु.३० लाख रकम ,**
- **सबै जातजातिका बालबालिका लक्षित कायर्क्रमको लागि १५ प्रतिशतले हुने रकम रु. ४५ लाख र**
- **सबै जातजातीका आथिर्क तथा सामाजिक रुपमा विपन्न लक्षित कायर्क्रमको लागि १५ प्रतिशतले हुने ४५ लाख रकम विनियोजन गरिएको छ । यसबाट**
    - **आदावासी जनजातीको लागि रु. २१ लाख १५ हजार,**
    - **मधेशी मुस्लीम पिछडा वर्गको लागि रु. ९ लाख ९० हजार,**
    - **दलित वर्गको लागि रु. ४ लाख ९५ हजार,**
    - **अपाङ्गता भएको व्यक्तिहरुको लागि रु. ४ लाख ५० हजार,**
    - **जेष्ठ नागरिकहरुको लागि रु. ४ लाख ५० हजार रकम विनियोजन गरिएको छ ।**

**कृषी विकास कार्यक्रमको लागि १५ प्रतिशतले हुने रु ४५ लाख र आयोजना व्यवस्थापन सेवा खर्च रु. ९ लाख रकम विनियोजन गरिएको छ ।**

**चालु खर्च मध्ये प्रशासनिक खर्च १ करोड ११ लाख ४० हजार ९ सय ५० र सामाजिक सुरक्षा खर्च १ करोड २५ लाख गरी जम्मा कुल २ करोड ३६ लाख ४० हजार ९ सय ५० को अनमुनित आय व्यय तर्जमा गरिएको छ ।**

**कुल बजेट रु. ९ करोड १३ लाख ६४ हजारबाट**

- **(पुजिगत) विकास तर्फ ७४.१२ % अर्थात रु. ६ करोड ७७ लाख २३ हजार ५० रुपैया र**
- **साधारण (चालू) तर्फ २५.८८ % अर्थात रु. २ करोड ३६ लाख ४० हजार नौ सय ५० रुपैया विनियोजन भएको छ ।**

**आ.व. ०७२।०७३ नीति तथा कार्यक्रमको विस्तृत विवरण यस पछि रामधुनी भासि नगरपालिकाका सव ईन्जिनियर श्री हर्षलाल चौधरी ज्युले प्रस्तुत गर्नु हुने छ साथै पत्रिकामा प्रकासित नीति तथा कार्यक्रम यहा उपस्थित महानुभावहरुलाई वितरण गरिने छ ।**

गत विगत वर्षहरुमा साविकको सिंगीया गा.वि.स. र भा.सि. गा.वि.स.मा भएका कार्यहरुको उचित मुल्यांकन गर्दै उपलव्ध श्रोत र साधनहरुको अधिकतम उपयोग गरी न्याय संगत ढंगले विकास निर्माणका कार्यक्रमहरु अगाडि बढाए त्यसको सहि प्रतिफल पाउन सकिने कुरामा हामी विश्वस्त छौ ।

आदरणीय उपस्थित महानुभावहरु,

यस रामधुनी भासि नगरपालिका क्षेत्रका साविक सिंगीया र भा.सि. गा.वि.स. को मानव तथा भौतिक बिकास निर्माण, सेवा प्रवाह र अन्य व्यवस्थापनका कार्यक्रमहरुलाई अगाडि बढाउन क्षेत्रगत र विषयगत गरी विगत वर्षसम्म अध्यावधिक हुदै अवलम्वन गरिएका नीतिहरुलाई निरन्तरता दिदै आगामी आ.व. २०७२।०७३ का लागि नीति तथा कार्यक्रमहरु अवलम्वन गरिएका छ ।

नगरपालिकाको पाश्वचित्र निर्माण नभई सकेको अवस्था र आवधिक योजनाको समेत अभाव रहेको विषय हामीमा जग जाहेर भएकै विषय हो । योजना बद्ध विकासको लागि आवधिक योजनाको महत्व आफैमा ओजपूर्ण हुन्छ । आवधिक योजनालाई यहि आ.व.मा निर्माण गर्ने लक्ष्य समेत लिईएको छ । देशको संक्रमणकालिन अवस्थाबाट नया नेपालको निर्माण हुने समयमै रामधुनी भा.सि. नगरपालिकाको गठन र प्रथम नगर परिषद भएकोले युगको परिवर्तन सगै र नया युगको शुरुवात सगै यस नगरपालिकाको समेत शुरुवता भएको छ । उपलव्ध भएका श्रोत साधनको उचित प्रयोगबाट समग्र नगरबासिको सामाजिक न्याय र संबृद्धिकोको प्राप्ति नै नगरपालिकाको गन्तव्य भएकोले यसैलाई मनन गरी नगरका नीति तथा कार्यक्रमहरु निर्धारण गरिएका छन ।

प्रमुख अतिथिज्यू लगायत सम्पूर्ण उपस्थित महानुभावहरु,

यस नगरको आर्थिक, सामाजिक र भौतिक विकासमा नागरिक समाजको सहभागिता बढाउन स्थानीय स्वायत्त शासनको मुल मर्म र भावना अनुरुप नगरपालिकाको संस्थागत सुदृढिकरण गर्न, कर्मचारीहरुको क्षमता विकास गर्न, नागरिक समाजको सहभागिता वढाउन तथा नगरमा सुशासन प्रदान गर्दै आमनगरवासीहरुको चाहाना बमोजिम हाम्रो नगर राम्रो नगर को भावनालाई अपनत्व सहित जागृत गराउन राजनितिक दलहरु, पूर्व जनप्रतिनिधिहरु तथा पत्रकारहरु, बुद्धिजिबी, विभिन्न राष्ट्रिय तथा अन्तराष्ट्रिय संघ संस्था, नागरिक समाज, कर्मचारी लगायत समाजका सम्बद्ध सवै पक्ष एवं नगरबासी महानुभावहरुबाट सहयोग प्राप्त भई रहने विश्वास लिएको छु।

अन्तमा, हाम्रो निम्तोलाई स्वीकार गरेर ब्यस्त समयका बावजुद पनि यस समारोहमा उपस्थित भई कार्यक्रम  सफल पार्न सहयोग पुऱ्याउनु हुने प्रमुख अतिथिज्यु, विशिष्ट तथा विशेष अतिथि ज्यु लगायत उपस्थित सम्पुर्ण महानुभावहरुमा हार्दिक कृतज्ञता प्रकट गर्दै रामधुनी भासि नगरपालिकाको प्रथम परिषद्का नीति तथा कार्यक्रमहरु सार्जजनिक भएको यस कार्यक्रमलाई सफल पार्न सहयोग पुर्‍याउने सम्पूर्ण कर्मचारी लगायतका साथीहरुलाई हार्दिक धन्यवाद दिदै विदा चाहन्छु।

धन्यवाद।